# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय प्रवेश

नेपाली कविताको प्रारम्भ १९ औँ शताब्दीको पूर्वार्द्धदेखि भएको हो र यसको विकास विभिन्न चरण र मोडहरूमा आजसम्म गतिशील रूपमा बढिरहेको छ । सुवानन्द दासदेखि सुरु भएको नेपाली कविताको विकासमा नेपाल र भारतका विभिन्न भू-भागहरूको योगदान रहेको छ । भारतको सुदूरपूर्वाञ्चल क्षेत्र अघिको वृहत् असम जो हाल सात राज्य (असम, मेघालय, माणिपुर, अरुणाचल, त्रिपुरा, नागाल्याण्ड, मिजोराम) मा विभाजित भएको छ । यस क्षेत्रमा भारतका सबै भन्दा बढी सङ्ख्यामा नेपालीहरू बसोवास गर्दछन् । भारतका बनारस, देहरादुन, दार्जिलिङ, सिक्किम, असम जस्ता अनेक क्षेत्रमा नेपाली साहित्यको लेखन र विकास भएको पाइन्छ । सन् १८९३ मा तुलाचन आलेको **मणिपुरको लडाइँको सवाई** र सन् १८९४ मा धनवीर भँडारीको **अब्बर पहाडको लडाइँको सवाई** असमका प्रारम्भिक कविता मानिन्छन् । यसपछि असममा निरन्तर रूपमा कविता लेखन परम्परा गतिशील रहेको पाइन्छ । नेपालबाट प्रवासिने क्रममा असम पुगेका अनेक नेपालीहरूले जीवन सङ्घर्षसँगै अनुभव गरेका दुःख, सुख, हाँसो, खुसी जस्ता पक्षहरूलाई कवितामा व्यक्त गर्दै आएका छन् । प्रवासमा रहेर सङ्घर्ष गर्दै आएका नेपालीहरूले असमको भूमिमा छरिएर के कस्ता कविता लेखेका छन्, यो अन्वेषणीय छ । प्रवासी नेपालीहरूका जीवन भोगाइ, तज्जन्य अनुभूति एवं काव्य कलाका नव आयाम के कस्ता रहेका छन्, यो सम्पूर्ण नेपाली साहित्यका पाठकहरूलाई कुतूहलको विषय छ । असम जस्तो उत्तरपूर्वाञ्चल भारतको विशाल फाँटमा फैलिएर रहेका नेपाली समाजमा के कति कविता काव्य लेखिएका छन्, तिनको खोजी अनुसन्धान गर्नु आवश्यक छ । त्यसैले असमको विस्तृत भू-भागमा रहेर नेपाली भाव विचारका संवाहक बनेका नेपाली काव्य कृतिलाई खोज अनुसन्धान गरेर तार्किक आधारमा तिनको चरण विभाजन र प्रवृत्ति निरूपण गरी विश्लेषण र मूल्याङ्कन गर्ने कार्य प्रस्तुत अध्ययनमा गरिएको छ ।

## १.२ समस्याकथन

भारतमा नेपाली कविताको लेखन परम्परा लामो छ, तर वृहत् असममा कहिलेदेखि कविता लेखन प्रारम्भ भएको हो र अहिलेको असममा के कस्ता र कति कविता कृतिहरू लेखिएका छन् भन्ने विषयमा सामान्य अध्ययन भए पनि समग्र खोज अनुसन्धान हुन सकेको छैन । प्रस्तुत शोधकार्य असमेली नेपाली कविताका प्रवृत्ति मुख्य समस्यामा केन्द्रित रहेको छ । यसै मूल समस्यासँग सम्बद्ध भएर आउने अन्य शोध समस्याहरू यस प्रकार छन् :

(१) भारतको असममा नेपालीहरूको अवस्थिति र तिनको सामाजिक सांस्कृतिक परिवेश कस्तो छ ?

(२) असममा नेपाली भाषा साहित्यको के कस्तो परम्परा रहेको छ ?

(३) असमेली नेपाली कविताको विकासक्रमको रूपरेखा कस्तो रहेको छ ?

(४) स्वाधीनता पूर्वकालका असमेली नेपाली कविताका प्रवृत्ति के कस्ता छन् ?

(५) भारतको स्वाधीनता उत्तरकालको असमेली नेपाली कविताका प्रवृत्ति के कस्ता छन् ?

उपर्युक्त प्रश्नहरूका माध्यमबाट शोधका प्राज्ञिक समस्याको समाधान खोजिएको छ ।

## १.३ शोधको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रहेर समग्र नेपाली कविताको विकासमा असमेली नेपाली कविताले पुऱ्याएको योगदान निरूपण गर्नु यसको मुख्य उद्देश्य रहेको छ भने असमेली नेपाली कवितालाई प्रेरित गर्ने मुख्य पृष्ठभूमि र त्यसका अभियानहरूको छानविनका साथै प्रमुख पुस्तकाकार काव्य कृतिको सर्वेक्षण र प्रवृत्तिको विश्लेषण गर्नु पनि उद्देश्यका रूपमा रहेको छ । त्यसका साथै असमेली नेपाली कविताको स्वरूप र त्यसका ऐतिहासिक र गुणस्तरीय मूल्यहरूलाई निर्धारण गरी नेपाली कवितामा असमको कविताले पुऱ्याउन सकेको योगदानको मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यी उद्देश्यहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

(१) भारतको असममा नेपालीहरूको अवस्थिति र तिनको सामाजिक सांस्कृतिक परिवेश पहिल्याउनु ।

(२) असममा नेपाली भाषा साहित्यको परम्पराको विवेचना गर्नु ।

(३) असमेली नेपाली कविताको विकासक्रमको रूपरेखा प्रस्तुत गर्नु ।

(४) भारतको स्वाधीनता पूर्वकालका असमेली नेपाली कविताका प्रवृत्तिको विवेचना गर्नु ।

(५) भारतको स्वाधीनता उत्तरकालका असमेली नेपाली कविताका प्रवृत्तिको विश्लेषण गर्नु ।

उपर्युक्त उद्देश्यहरूमा केन्द्रित रहेर नेपाली कविताको विकासमा असमले पुऱ्याएको प्रवृत्तिगत योगदानको विवेचना तथा मूल्याङ्कन गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

वृहत् असमेली नेपाली साहित्यमा कविताका बारेमा केही मात्र अध्ययन विश्लेषण देखिए पनि 'असमेली नेपाली कविताका प्रवृत्ति' सम्बन्धमा व्यवस्थित, वस्तुगत, विस्तारपूर्वक र वैज्ञानिक अनुसन्धान हालसम्म भएको पाइएको छैन । १८९३ मा लेखिएको तुलाचन

आलेको 'मणिपुरको लडाइँको सवाई' देखि नै प्रारम्भ भएको नेपाली कविता विधामा धेरै विद्वान्हरूले धेरथोर चर्चा गरेको भए तापनि यस विषयमा शोध अनुसन्धान कार्य भने थोरै भएको देखिन्छ । असमेली नेपाली कविताका प्रवृत्तिलाई विषयका रूपमा अध्ययन गर्ने कार्य आजसम्म भएको छैन । यस क्षेत्रमा विद्वान्हरूले कतिपय काव्यकारको जीवनी र व्यक्तित्वलाई समग्रमा अध्ययन गरेको पाइन्छ । समग्रमा यी विद्वान्हरूले कवि र कविता सम्बन्धमा चर्चा गर्दा समग्र रूपमा पुरानो असमलाई समेट्दै चर्चा गरेको पाइन्छ । वर्तमान असमको नेपाली कवितालाई लिएर भने छुट्टै चर्चा भएको पाइँदैन र कविहरूका बारेमा जे जति समीक्षा लेखिएका छन् सबै विभिन्न पत्र पत्रिकामा, शोधग्रन्थमा र स्मृति ग्रन्थमा मात्र छापिएका छन् । यसरी असमको कविता बारे विस्तृत रूपमा कुनै छुट्टै शोधकार्य आजसम्म गरिएको छैन । यस बारे कुनै छुट्टै पुस्तक पनि लेखिएको जानकारी पाइँदैन तर समालोचनात्मक पुस्तक र पत्र पत्रिकागत फुटकर समालोचना कृतिमा असमको नेपाली कविता बारे टिप्पणीहरू भएका छन् । यहाँका कतिपय कवि र कृतिबारे चर्चा गरिएको पनि पाइन्छ । अतः प्रस्तुत अध्ययनमा मुख्यतः असमका नेपाली कवि र तिनका कविता कृति र प्रवृत्तिको निरूपण गर्दै विश्लेषणको पनि उद्देश्य राखिएको हो । यहाँ असमेली नेपाली कवि र तिनका कविताका प्रकार, प्रवृत्ति र विश्लेषणका सम्बन्धमा यस अघि जे जति कार्य भएका छन् तिनको पूर्वकार्यलाई चार वर्गमा वर्गीकृत गरी प्रकाशन समयको कालक्रमिक रूपमा अध्ययन गरिएको छ ।

**(क) विभिन्न पुस्तक र पत्रिकाहरूमा भएका पूर्वाध्ययनहरू**

सर एडवर्ड गेइटले **ए हिस्ट्री अफ असम** (१९६७) पुस्तकमा प्राचीन असमको इतिहासलाई देखाउने क्रममा प्राचीन असम (प्राग्ज्योतिषपुर) का राजा नरकासुर किरात गोष्ठी (वंश) का सन्तान भएको उल्लेख गर्दै उनी जनकका पोष्य पुत्र भएको उल्लेख गरेका छन् । यस क्रममा गेइटले आठौं शताब्दीको नेपाल र असम (कामरूप) को सम्बन्धलाई पनि चर्चामा ल्याएका छन् । यस क्रममा गेइटले नेपालका राजा जयदेव द्वितीयले प्राचीन असम (कामरूप) का शालस्तम्भ वंशीय हर्षवर्या (श्री हरिष) की छोरी जयमतीलाई विवाह गरेर लगेको पनि चर्चा गरेका छन् । गेइटले असम (कामरूप) नेपालको सम्बन्धलाई उल्लेख गरे पनि समग्र पक्षको अध्ययन गरेका छैनन् । यो पूर्वकार्य प्राचीन असम र नेपालको सम्बन्ध निर्धारणका साथै नेपाल असमको मैत्रिपूर्ण सम्बन्ध देखाउनका लागि सहयोग हुने देखिन्छ ।

गोपी नारायण प्रधानले *सम्पादकीय* (**मादल**, १/१, १९७२) शीर्षकको लेखमा असमका जातीय जागरण कालका कवि नित्यानन्द तिम्सिनाका रचनाहरूमा वसन्ततिलका, शार्दूलविक्रीडित, वर्णमात्रिक जस्ता छन्द भएको जनाएका छन् । प्रधानले तिम्सिनाको काव्य “भीमबहादुर श्रेष्ठको जीवनी” (१९५१) लाई श्लोकबद्ध जीवन चरित्र हो भनेका छन् । यसै क्रममा तिम्सिनाको अर्को कृति 'गोर्खा एटमबम' दोस्रो महासमरको डरलाग्दो भयावह

स्थितिलाई पुष्ठभूमि बनाएर रचना गरेको कृति हो भनेका छन् । यसरी प्रधानले नित्यानन्दका कृतिहरूको उल्लेख गरे पनि कृतिका अन्य प्रकार र प्रवृत्तिका बारेमा कुनै पनि कुरा उल्लेख गरेका छैनन् । यस कार्यबाट तिम्सिनाका काव्य कृतिहरू बारे केही मात्रामा भए पनि सहयोग पुग्ने देखिन्छ ।

वासुदेव त्रिपाठीले “कवि हरिभक्त कटुवाल सन्दिग्ध कालका जरासन्ध” (**अभिव्यक्ति**, स्मृति अङ्क २८, १९८०) शीर्षकको लेखमा कटुवालका काव्य यात्रालाई स्थूल रूपमा (क) पूर्वार्द्ध १९५५-१९६५ सम्म र (ख) उत्तरार्द्ध १९६६-१९८० सम्म गरी दुई चरणमा विभाजन गरेका छन् । त्रिपाठीले हरिभक्त कटुवालका चरण विभाजनमा उनका समग्र कृतिहरूको चर्चा गरेका छैनन् । यस कार्यबाट कटुवालको चरण विभाजन बारे जानकारी प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ ।

दैवज्ञराज न्यौपानेले **कवि हरिभक्त कटुवाल स्मृति ग्रन्थ** (१९८१) को “हरिभक्त कटुवाल : केही स्मृति केही टिपोट” शीर्षक रचनामा हरिभक्त कटुवालसँगको व्यक्तिगत अवधारणामा उनी स्वतन्त्र, स्वाभिमानी अस्तित्वका पक्षपाती रहेको उल्लेख गरेका छन् । न्यौपानेले हरिभक्त कटुवाल आयामेली साहित्यको विकासका पृष्ठपोषक जस्तै देखिए तापनि अभिव्यक्तिमा उनी एउटा व्यतिक्रम रहेको उल्लेख गरेका छन् । यस प्रकार न्यौपानले कटुवालको एकपक्षीय जीवनको उल्लेख गरे पनि उनका काव्यिक विकास प्रवृत्तिका बारेमा उल्लेख गरेका छैनन् । यो पूर्वकार्य हरिभक्त कटुवालको काव्ययात्राको निम्ति सहयोगी हुने देखिन्छ ।

अभि सुवेदीले **कवि हरिभक्त कटुवाल स्मृति ग्रन्थ** (१९८१) को “हरिभक्तबारे सत्य कुरो” शीर्षक रचनामा हरिभक्त कटुवालका काव्य बारे चर्चा गरेका छन् । यहाँ कटुवाल आफू जति रोमान्टिक थिए त्यति रोमान्टिक उनका कविता नभएको बताउँदै उनका कवितामा निर्वैयक्तिक व्यङ्ग्य छ जो निर्वैयक्तिक र मार्मिक भएकै नाताले सार्वभौमिक पनि छ भन्ने प्रसङ्ग उल्लेख गरेका छन् । यसरी सुवेदीले हरिभक्त कटुवालका कवितामा रोमान्टिकभन्दा निर्वैयक्तिक व्यङ्ग्यको बाहुल्य बढी रहेको बताएका छन् । यी पूर्वकार्य हरिभक्त कटुवालका काव्यिक प्रवृत्ति निर्धारणका साथै उनको कविता विश्लेषणका क्रममा पनि सहयोग पुग्ने देखिन्छ ।

अविनाश श्रेष्ठले “गीतकार हरिभक्त कटुवाल” (**डोको**, १/२, १९८२) शीर्षकको लेखमा गीतकार हरिभक्त कटुवालका प्रारम्भिक कालका गीतहरूमा जनकविकेशरी धर्मराज थापाका गीतका शैली र भाव पक्षले निकै गहिरो छाप पारेको कुरा बताएका छन् । श्रेष्ठले यस लेखमा हरिभक्त कटुवालका आरिम्भक अवस्थाका गीतको चर्चा गरे पनि समग्र रूपमा उनका गीतहरूको चर्चा भएको छैन । यस कार्यबाट कटुवालका गीतहरू बारे जानकारी प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ ।

भीमकान्त उपाध्यायले **सरसर्ती पढ्दा** (१९८३) मा पूर्वाञ्चलका केही नेपाली कविताहरू कविता सङ्ग्रहका केन्द्रीयतामा प्रवृत्तिगत विवेचना गरी तिनका केही उदाहरण पनि प्रस्तुत गरेका छन् । यस क्रममा असमेली नेपाली साहित्य सिक्किम र दार्जिलिङको दाँजोमा पुग्न नसके पनि नेपाली साहित्यको विकासमा असमले पुऱ्याएको योगदानको चर्चा गरेका छन् । उपाध्यायले असमको कविताका विविध प्रकार र पद्धतिको उल्लेख भने गरेका छैनन् । यस कार्यबाट असमका कविताका प्रवृत्तिका निर्धारणका साथै चरण निर्धारणमा पनि केही सहयोग पुग्ने देखिन्छ ।

भीमकान्त उपाध्यायले "चिहान नपाएका तक्माहरू" (**हिमालचुली**, विशेषाङ्क, १९८५) शीर्षकको लेखमा युद्धवीर राणाको लामो कविता 'चिहान नपाएका तक्माहरू' को चर्चा गरेका छन् । यसै क्रममा कविताको शिल्प, सौन्दर्य, शैली आदिका दृष्टिले प्रस्तुत काव्य कृति त्यति रमणीय ठहर्न नसकेको उल्लेख गरेका छन् । उपाध्यायले यस काव्यको प्रकार राणाको प्रवृत्ति के कस्ता रहेका छन् भन्ने बारे चर्चा गरेका छैनन् । यो पूर्वकार्य युद्धवीर राणाको काव्य विश्लेषणमा सहयोगी बन्ने देखिन्छ ।

ईश्वर बरालले "भारतमा नेपाली संस्कृतिको अभिज्ञान" (**मधुपर्क**, १३/७, वि.सं. २०४३) शीर्षकको लेखमा भारतीयमूलका नेपालीहरूले आफ्नो अधिकार, भाषा, संस्कृतिप्रति सजग भएको र आफ्नो जातीय अस्मिता जोगाउनका निम्ति आफ्नो कर्तव्यको शङ्खघोष गरेको कुरा उल्लेख गरेका छन् । बरालले संस्कृति बाहेक असमेली साहित्यका अन्य के कस्ता मोड उपमोडहरू रहेका छन्, त्यस बारे चर्चा गरेका छैनन् । यो पूर्वकार्य नेपाली भाषा संस्कृतिको विकास क्रमिक अध्ययन निरूपणका लागि आंशिक रूपमा भए पनि सहायक सिद्ध हुने देखिन्छ ।

गोविन्दसिंह रावतको **पूर्वाञ्चल भारतको नेपाली कविता** (१९८६) मा पूर्वाञ्चल भारतको नेपाली कविताको थालनी र विकास बारे केही जानकारी गराएका छन् । एकतीस पृष्ठमा पूर्वाञ्चल भारतको काव्यिक पृष्ठभूमि तयार पार्दै यस क्षेत्रमा काव्यको थालनी गर्ने तुलाचन आलेको **मणिपुरको लडाइँको सवाई** (१८९३) लाई नै पहिलो साहित्यिक कृति मानिएको छ । रावतले यस पुस्तकमा १८९३ देखि १९८५ सम्मका काव्य कृतिको चर्चा गर्दै तत्कालीन काव्यिक चरणलाई देखाएका छन् । यस क्रममा रावतले १८९३-१९८५ सम्मका कविहरूको परिचय र कृतिहरूको चर्चा गरे पनि १९८५ देखि यताका कविहरू त्यहाँ अन्तर्भूक्त भएका छैनन् । यस प्रकार रावतले दिएको योगदान आजको परिस्थितिमा अपुरो देखिन्छ । यस कार्यबाट असमका कविताहरूको चरण विभाजन, प्रवृत्ति, निर्धारणका साथै ऐतिहासिक निर्क्योलमा पनि केही सहयोग पुग्ने देखिन्छ ।

दुर्गाप्रसाद घिमिरेले **समिधा** (१९८६) मा "पूर्वाञ्चलीय नेपालीको हिजो, आज र भोलि", "असमे नेपाली संस्कृति", "कवि पुष्पलाल उपाध्याय", "दरङ्गे नेपाली जनजीवनको

पृष्ठभूमिमा प्रभात", "अबोध ब्राह्मण र रामचन्द्र शर्माको सवाई" शीर्षकका लेखहरू असमको परिप्रेक्ष्यमा र साहित्यिक इतिहास र काव्यिक समालोचनात्मक आधारमा सोदाहरण विश्लेषण गरेका छन् । यसरी घिमिरेले **समिधा** भित्र उल्लेखित केही शीर्षकमध्ये "पूर्वाञ्चलीय कविता हिजो, आज र भोलि" लगायतका केही लेखले असमको कविता बारे केही जानकारी गराए पनि समग्र पक्षलाई उनले देखाउन सकेका छैनन् । यो पूर्वकार्य असमका केही कविहरूको केही प्रवृत्ति निर्धारण गर्न तथा विश्लेषणमा सहयोग पुग्ने देखिन्छ ।

वासुदेव त्रिपाठी (सम्पा. अरूहरू) ले **नेपाली कविता भाग ४** (२०४६) नामक कृतिमा असम पूर्वाञ्चलमा नेपाली कविताको लेख्य परम्परा नेपाली लोकलयको प्रभाव र प्रेणाबाट सुरु भएको कुरा उल्लेख गरेका छन् । यसै क्रममा असमेली कवितामा ऐतिहासिक घटना (वीर गाथाको प्रभाव प्रेरणा) का साथै भानुभक्तीय रामायणको आदर्श नैतिक शिक्षा एवं मोतीराम भट्टका गीत गजलको अनुकरण तथा धरणीधर शर्मा, महानन्द सापकोटा जस्ता कविहरूका समाज सुधार, संस्कारचेत अँगाल्दै यस भेकका नेपाली कविता आफ्नै रूप र लयमा शनैः शनैः गतिशील बन्दै गएको उल्लेख गरिएको छ । त्रिपाठीले भीष्मप्रसाद उपाध्याय, पं. हरिनारायण विद्याभूषण, पदमप्रकाश ढुङ्गाना र नित्यानन्द तिम्सिनालाई परिष्कारवादी धारामा शास्त्रीयता एवं नीति उपदेशका प्रवृत्ति अँगाल्ने कवि हुन् भनेर उल्लेख गरेका भए पनि त्यस चरणका अरू धेरै कविहरूको उल्लेख गरेका छैनन् । यी पूर्वकार्य असमेली केही कविहरूको जानकारी लिन सहयोगी हुने देखिन्छ ।

श्यामराज जैसीले **असममा नेपालीहरूको ऐतिहासिक पृष्ठभूमि** (१९९०) मा १९०० देखि १९४७ सम्म इष्टइण्डिया कम्पनी र नेपाली फौजको सम्बन्ध देखाउनका साथै तेल कम्पनीमा नेपालीहरूको योगदानको कुरा चर्चा गरेका छन् । यसै क्रममा १९४० मा डिब्रुगडमा "नेपाली पारस्परिक सहायक समाज औ क्लब" नामको एउटा संस्थाले नेपाली भाषाको प्रचारका साथै गरीब नेपाली छात्र र अरू जनतालाई यथाशक्ति सहयोग गर्दै भाषाको प्रचार गरेको कुरा उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकमा जैसीले असमेली नेपालीहरूको इतिहासलाई देखाउन खोजे पनि साहित्यिक क्षेत्रको छवि त्यति स्पष्ट रूपमा दिन सकेका छैनन् । यो पूर्वकार्य असमेली नेपाली इतिहास सम्बन्धी अध्ययन गर्नका लागि प्रस्तुत शोधमा सहायक हुने देखिन्छ ।

डम्बर दाहालले "पूर्वाञ्चलका दिवङ्गत कविहरू" (**प्रक्रिया**, ८/१३, १९९४) शीर्षकको लेखमा पूर्वाञ्चल भारतका केही दिवङ्गत कविहरूका काव्यको चर्चा गरेका छन् । दाहालले यस लेखमा असमका तेह्रजना कविको चर्चा गरेका छन् । प्रस्तुत लेखमा दाहालले कविहरूको जीवनी र उनीहरूका कृतिका साथै उनीहरूको सामाजिक मूल्यलाई देखाउन खोजे पनि कविहरूका काव्य प्रवृत्ति र काव्य मूल्याङ्कनलाई देखाउन सकेका छैनन् । यो कार्यले असमका केही प्रतिनिधि कविहरूको छोटो परिचय प्राप्त गर्न आंशिक भए पनि सहयोग पुग्ने देखिन्छ ।

भीमकान्त उपाध्यायले **आँखीझ्यालबाट हेर्दा** (१९९४) मा "असम पूर्वाञ्चलका सवाई काव्य : परिचयात्मक अध्ययन" शीर्षक रचनामा पूर्वाञ्चल भारतबाट प्रकाशित जम्मा छवटा सवाई काव्यहरूको परिचयात्मक अध्ययन प्रस्तुत गरेका छन् । यसै क्रममा उपाध्यायले पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, युद्धवीर राणाका कृतिहरूको पनि चर्चा गरेका छन् । उपाध्यायले असम पूर्वाञ्चलका नेपाली कविताहरूको यात्रा र प्रवृत्तिहरूलाई पनि निर्धारण गर्दै पूर्वाञ्चलका नेपाली कविताको विकास प्रक्रियालाई १८९३-१९५०, १९५१-१९७२, १९७३-१९९३ गरी जम्मा तीन चरणमा बाँडेर अध्ययन गरेका छन् । यस प्रकार उपाध्यायले १९९३ सम्मको असमेली कविता कृतिको विवेचना र लेखन परम्पराको निरूपणका साथै मुख्य प्रवृत्तिको पहिचान गरी सिङ्गो कृति नै तयार पारको भए पनि १९९३ उताका मात्र केही कविहरूको प्रवृत्तिपरक अध्ययन गरेका र दुई भिन्न प्रवृत्तिका कविहरूलाई एउटै चरणमा राखेर प्रवृत्तिको विश्लेषणले कविहरूको प्रवृत्ति प्रष्ट रूपमा खुल्न सकेको छैन र कसका कुन कृतिमा त्यस प्रकारका प्रवृत्ति पाइन्छन् भनी बताएका छैनन् । यो पूर्वकार्यबाट चरण निर्धारणका साथै केही कविहरूका केही प्रकारको जानकारीका लागि आंशिक रूपमा भए पनि सहयोग पुग्ने देखिन्छ ।

गोपालबहादुर नेपालीले "प्रारम्भिक कालीन उत्तर पूर्वाञ्चल भारतका नेपाली कविहरू : केही संक्षिप्त चर्चा" (**मधानी**, वर्ष ३, १९९५) शीर्षकको लेखमा असमका प्रारम्भिक कवि र उनीहरूका सवाई काव्य बारे छोटो चिनारी प्रस्तुत गरेका छन् । नेपालीले यस लेखलाई सवाई काव्य, अन्य काव्य, गीत गजल र नयाँ आविष्कार गरी जम्मा चार भागमा विभाजित गरी अध्ययन गरेका छन् । यसै क्रममा सवाई कालका कविहरूका साथै अन्य कविको विशेष चर्चा गर्दै यिनीहरूको मूल्य मान्यतालाई प्रस्तुत गरेका छन् । यसरी नेपालीले तुलाचन आले, नित्यानन्द तिम्सिना, हरिनारायण विद्याभूषण जस्ता एकाध कविहरूको चर्चा गरे पनि असमका अरू धेरै कविहरूको उल्लेख यहाँ भएको छैन । यो कार्यले पूरा र नवीन कविहरूको परिचय निरूपणका लागि केही सहयोग पुग्ने देखिन्छ ।

नरेन्द्र चापागाईंले "'चेतना' नियाल्दा" **परिषद् पत्र** (ने.सा.प.अ., ६/३, १९९७) शीर्षक रचनामा तुलबहादुर मालेमाद्वारा लिखित 'चेतना' खण्डकाव्यको विश्लेषण गरेका छन् । यस क्रममा चापागाईंले 'चेतना' खण्डकाव्यलाई क्रान्तिकारी र स्वच्छन्दतावादी दृष्टिले हेर्नु पर्ने हुन्छ भन्दै यस काव्यलाई गोपालप्रसाद रिमालका कवितासँग दाँजेका छन् । यसरी मालेमाले चेतना काव्यमा कथानक, चरित्र तथा परिवेश तिनै तत्त्वको संयोजन गरेको कुरा उल्लेख गर्दै यो काव्योचित रहेको बताएका छन् । प्रस्तुत लेखले यस काव्यमा सहयोग पुग्ने देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (वि.सं. २०६०) पुस्तकमा नेपाली कविताको ऐतिहासिक सर्वेक्षण र विश्लेषणका क्रममा आधुनिक कालको पछिल्लो धाराका रूपमा समसामयिक धाराको विस्तृत विवेचना गरेका छन् । यस क्रममा

प्रयोगवादी धारा (वि.सं. २०१७-२०३५) अन्तर्गतका कविहरूको चर्चा गर्ने क्रममा असमका कवि अविनाश श्रेष्ठको परिचयका साथ उनका कवितामा देखा परेका प्रवृत्तिको चर्चा गरेका छन् । यसै क्रममा लुइटेलले हरिभक्त कटुवालका केही काव्यहरूको निरूपण गर्दै उनका मुक्त लय, गीतिलयका कविता तथा गीत सिर्जनाको पुनर्विचार गर्नु पर्ने धारणा राखेका छन् । यसरी लुइटेलले हरिभक्त कटुवाल र अविनाश श्रेष्ठका एकाध कविताको उल्लेख गरे पनि असमका दर्जनौं अरू कविहरू रहेको कुरा उल्लेख गरेका छैनन् । यस पूर्वकार्य उक्त दुई कविका कविहरूको विकासक्रमिक अध्ययन र प्रवृत्ति निरूपणका लागि आंशिक भए पनि सहयोग पुग्ने देखिन्छ ।

दुर्गाप्रसाद घिमिरेले **साधना** (२००३) मा १९४७ देखि नै कविता लेख्ने नित्यानन्द तिम्सिना, १९२० बाटै 'कवित' बालन सङ्गिनीको व्यापक प्रचार गर्ने कवि गोपीलाल घिमिरेका केही कविताको आलोचना अघि सारेका छन् । यसै क्रममा घिमिरेले "पूर्वाञ्चलीय नेपाली साहित्यको काल विभाजन" शीर्षकको लेखमा पूर्वाञ्चलीय नेपाली साहित्यको विकास क्रमलाई १८९३-१९५९-६०, १९६०-१९७९-८० र १९८० देखि यता गरेर तीन चरणमा राख्दै प्रथम चरणलाई प्राथमिक काल, दोस्रो चरणलाई आधुनिक काल, तृतीय चरणलाई अत्याधुनिक काल भनेर विभाजन गरेका छन् । घिमिरेले प्रथम चरणलाई मनिपुरको धावा (१८९३) बाट **प्रभाव** (पत्रिका) को प्रारम्भिक काल, दोस्रो चरणलाई कटुवालको सम्झना (१९५८) बाट असम आन्दोलनको प्रारम्भ १९७९-८० सम्म र तेस्रो चरण १९८० देखि यताको समयलाई देखाएका छन् । घिमिरेले दुई भिन्न प्रवृत्तिका कविलाई एउटै चरणमा राखेर चर्चा गरेको साथै स्वतन्त्रता आन्दोलनको उल्लेख कतै गरेका छैनन् । यस पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा चरण निर्धारणका साथै केही पुराना कविहरूका कृतिको विवेचना, असमेली नेपाली कविताका केही प्रकार र प्रवृत्तिको निरूपणका लागि सहयोग पुग्ने देखिन्छ ।

लीलबहादुर क्षत्रीले **पूर्वोत्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन** (२००३) पुस्तकमा असमका केही पुराना कविहरू हरिनारायण विद्याभूषण, सवाईकार रामचन्द्र शर्मा, पण्डित पद्मनाभ काफ्ले, महानन्द सापकोटा, जगन्नाथ गुरागाईं र नित्यानन्द तिम्सिना आदिका काव्य कृतिको प्रकाशन भएको बताएका छन् । क्षत्रीले शोणितपुर नेपाली साहित्यको प्रगतिमा मुख्य भूमिका प्रदान गर्ने पत्रिकाहरूमा प्रारम्भमा **प्रभात** र प्रभातको अस्त पछि **स्पन्दन** (१९८२) ले पूरा गरेको उल्लेख गरेका छन् । क्षत्रीले असमेली कवितासँग सम्बन्धित केही कवि र केही कृतिको सूचना दिएका भए पनि यसमा प्रवृत्तिपरक दृष्टिले असमको कविताका सबै कवि र कृतिहरूको निरूपण गरेको छैन । यो पूर्वकार्य असमेली नेपाली कविता कृतिहरूको जानकारी उपलब्धताका दृष्टिले सहयोगी सिद्ध हुने देखिन्छ ।

शिशिरकुमार गुरुङले **नेपाली भाषा आन्दोलनमा असम** (२००४) पुस्तकमा सङ्गृहीत विभिन्न समालोचनाहरू मध्ये "नेपाली भाषा आन्दोलनमा असम भाषा आन्दोलनमा असमेली

नेपाली बुद्धिजीवी वर्ग" शीर्षकका लेखहरूले भारतवर्ष लगायत असममा बस्ने नेपालीहरूले नेपाली भाषा मान्यता गराउनका निम्ति पुऱ्याएको योगदान बारे बताएका छन् । यसै क्रममा "भाषा आन्दोलनमा असम" शीर्षकको लेखमा देहरादुनबाट सुरु (१९५६) भएको भाषा भागको प्रथम उठान पछि भारतभरि फैलिएको कुरा दर्साएका छन् । गुरुङगले भाषासँग सम्बन्धित आन्दोलन भारतका विभिन्न प्रान्तमा फैलिँदै गएको र १९९२ मा यसले मान्यता समेत प्राप्त गर्न सफल भएको बताएका छन् । यस पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा भाषा आन्दोलन निरूपणका लागि सहयोग पुग्ने देखिन्छ ।

विष्णुलाल शर्माले **असमिया नेपाली मानुहर इतिवृत्ति** (२००८) असमिया भाषाको पुस्तकमा भारतमा नेपालीहरूको आगमन, भारत प्राग्ज्योतिषपुर (कामरूप) मा नेपालीहरूको आगमन, असमिया नेपाली सम्प्रदायको अवदान, चलुवा नेपालीहरूको राजनैतिक, सामाजिक र साहित्यिक दिशा, असमिया नेपालीहरूको संस्कृति इत्यादि पक्षहरूको व्याख्या गरेका छन् । उनले यस कृतिको भारतमा नेपालीहरूको आगमन अन्तर्गत महाभारत कालीन नेपालको इतिहासलाई दोहोऱ्याउँदै भारत र नेपाल वैदिक ब्राह्मण धर्ममा प्रभावित रहेको उल्लेख गरेका छन् । उनले असममा बसोवास गर्ने नेपालीहरूका साथै असमको भौगोलिक, सांस्कृतिक पक्ष बारे पनि बताएका छन् । शर्माले इतिहास निर्क्यौल गरे पनि साहित्यिक क्षेत्रको विधागत स्वरूपको अध्ययन गरेका छैनन् । यो पूर्वकार्य असमको भौगोलिक तथा इतिहासको परिचय दिन सहायक सिद्ध हुने देखिन्छ ।

घनश्याम तिम्सिनाले **विविध सृष्टि : एक दृष्टि** (२०१२) मा "पूर्वाञ्चल भारतको आधुनिक नेपाली कविता : विकास र प्रवृत्ति" को बारेमा चर्चा गरेका छन् । यसै क्रममा तिम्सिनाले पूर्वाञ्चल भारतको नेपाली कवितालाई चार चरणमा बाँडेर अध्ययन गरेका छन् । उनले काव्यिक चरणलाई स्वतन्त्रता पूर्व र स्वतन्त्रता उत्तर अनि स्वतन्त्रता उत्तरलाई पुनः प्रथम चरण, दोस्रो चरण, तेस्रो चरण र चौथो चरण गरी चार चरणमा विभाजन गरेका छन् । तिम्सिनाले काव्यिक धारणासँग सम्बन्धित काव्य प्रवृत्तिहरूको पनि चर्चा गरे पनि प्रत्येक कविहरूका काव्यिक प्रवृत्तिको निर्क्योल गरेका छैनन् । यो पूर्वकाव्य असमको नेपाली कविताका चरण विभाजनमा सहयोग पुग्ने देखिन्छ ।

## (ख) स्नातकोत्तर र एम.फिल. उपाधि हेतु सम्पन्न भएका शोधकार्य

स्नातकोत्तर शोधकार्यमा जम्मा छजना शोधार्थीले गरेको शोधकार्य असमेली नेपाली कवि र कवितासँग सम्बन्धित छ भने एकजनाले गरेको एम.फिल. उपाधि हेतु शोधकार्य उत्तरपूर्वाञ्चल असमबाट प्रकाशित खण्डकाव्य र महाकाव्यसँग सम्बन्धित छ । असमको सम्पूर्ण नेपाली कवितालाई शोध शीर्षक बनाएर अनुसन्धान कार्य भएको जानकारी चाहिँ प्राप्त छैन । असमको नेपाली साहित्यसँग सम्बन्धित यी शोधपत्रहरू मध्ये निम्नलिखित कृति असमका कविताका अध्ययनका दृष्टिले उल्लेखनीय छन् :

| क्र.सं. | शोधकर्ता | शोध शीर्षक | शोधपत्र स्वीकृति वर्ष |
|---|---|---|---|
| १. | नारायणप्रसाद अधिकारी | हरिभक्त कटुवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | २०३८ |
| २. | केदार शर्मा | कवि पुष्पलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | २०४७ |
| ३. | घनश्याम तिम्सिना | साहित्यकार के.बी. नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | २०५१ |
| ४. | दुर्गा विमली | कवि छविलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | २०५६ |
| ५. | पुष्पादेवी | कवयित्री गोमा शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (विराटनगर) | २०५५ |
| ६. | नारायण चन्द्र उपाध्याय | नवसापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन | २०५६ |
| ७. | खेमानन्द मिश्र | पूर्वाञ्चल भारतको एम.फिल. उपाधि हेतु "नेपाली खण्डकाव्यको विश्लेषणात्मक अध्ययन" | २००० |

नारायणप्रसाद अधिकारीले "हरिभक्त कटुवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (वि.सं. २०३८) शीर्षकको शोधपत्रमा हरिभक्त कटुवालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरेका छन् । यसमा वि.सं. २००८ साल अघिको नेपालको साहित्यिक वातावरण र २००७ सालपछिको दुई भिन्न प्रवृत्तिको चर्चा गर्दै उनी सैद्धान्तिक रूपमा न त प्रगतिवादी साहित्यमा आस्था राख्ने न त कुनै वाद र मान्यताका आधारमा साहित्यिक यात्राको थालनी गर्ने कवि हुन् भन्दै उनका कविताको विशेष रूपले अध्ययन गरेका छन् । यसरी अधिकारीले कटुवालको व्यक्तित्वमा केन्द्रित यस अध्ययनले उनको कवि व्यक्तित्व, काव्य वैशिष्टयलाई समग्रमा प्रस्तुत गरेका छन् । यो अध्ययन व्यक्तित्वमा मात्र सीमित भए पनि यसले असमका जातीय जागरण कालका मूर्धन्य कवि कटुवालको विस्तार साथ परिचय दिएको हुँदा यो पूर्वकार्य कटुवालको काव्य प्रवृत्ति निर्धारणका लागि सहयोग पुग्ने देखिन्छ ।

केदार शर्माले "कवि पुष्पलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (२०४७) शोधपत्रमा कवि पुष्पलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरेका छन् । यस क्रममा शर्माले विभिन्न शीर्षक उपशीर्षकमा पुष्पलाल उपाध्यायको कवित्वको निरूपण गर्दै उनका काव्यिक प्रवृत्तिको चर्चा गरेका छन् । शर्माले उपाध्यायको कवित्वको समग्र चर्चा गरे पनि उनका कविताको छुट्टाछुट्टै तत्त्वगत विश्लेषण गरेका छैनन् । यो पूर्वकार्य पुष्पलाल उपाध्यायको चरण निर्धारण र काव्यिक प्रवृत्ति निरूपणमा सहायक हुने देखिन्छ ।

घनश्याम तिम्सिनाले "के.बी. नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (२०५१) शीर्षकको शोधमा के.बी. नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरेका छन् । यसै क्रममा उनले १९६० को दशकदेखि **बिन्दु** पत्रिकाको सम्पादन थालेका के.बी. नेपालीको काव्य यात्रा १९६० कै दशकदेखि नै प्रारम्भ भएको चर्चा गर्दै उनको योगदानलाई निर्क्योल गरेका छन् । तिम्सिनाले नेपालीको काव्य प्रवृत्ति र विश्लेषण

बारेमा त्यति गहन अध्ययन प्रस्तुत गरेका छैनन् । यो पूर्वकार्य के.बी. नेपालीको काव्यिक चरण निर्धारण र काव्यिक थालनी सम्बन्धी अध्ययन गर्नका लागि प्रस्तुत शोधमा सहायक हुने देखिन्छ ।

दुर्गा विमलीले "छविलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (वि.सं. २०५६) शोधपत्रमा कवि छविलाल उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरेका छन् । यसै क्रममा नारायणप्रसाद अधिकारीले सापकोटाका कृतिहरूलाई संरचना र विषयवस्तुमा विभाजन गर्दै उनका काव्यिक प्रवृत्तिहरूको उल्लेख गरेका छन् । अधिकारीले नवसापकोटाका कविताका चरण विभाजन र विमलीले केही प्रवृत्ति निरूपण गरे पनि कृतिमा आधारित भएर प्रवृत्तिपरक अध्ययन गरेका छैनन् । यो पूर्वकार्य नवसापकोटाको कवितामा प्रकार र प्रवृत्तिहरूको सूक्ष्म अङ्कन एवं विश्लेषणका दृष्टिले प्रस्तुत शोधका लागि सहायक हुने देखिन्छ ।

खेमानन्द मिश्रले "पूर्वाञ्चल भारतका नेपाली खण्डकाव्यको विश्लेषणात्मक अध्ययन" (२०००-२००१) शीर्षकको शोध प्रबन्धमा पूर्वाञ्चल भारतबाट प्रकाशित खण्डकाव्यहरूको अध्ययन गरेका छन् । मिश्रले नेपाली खण्डकाव्यको विधागत स्वरूप, विकास र नेपाली खण्डकाव्यको प्रवृत्तिगत विकास बारे उल्लेख गरेका छन् । यहाँ असमबाट प्रकाशित जम्मा आठवटा खण्डकाव्यहरूलाई विश्लेषण गर्दै तिनीहरूको निष्कर्ष समेत प्रस्तुत गरिए पनि खण्डकाव्यीय बान्कीको सैद्धान्तिक र प्रायोगिक स्वरूप तथा कृतिका आधारमा प्रवृत्तिपरक अध्ययन भएको छैन । यो पूर्वकार्य असमका केही खण्डकाव्यहरूको प्रकार र प्रवृत्तिहरूको सूक्ष्म निर्देशनका दृष्टिले प्रस्तुत शोधका लागि सहायक हुने देखिन्छ ।

उल्लेखित कृतिहरू बाहेक पाठ्यपुस्तक, कविता सङ्ग्रहका भूमिका साहित्यिक पत्रिकामा लेखिएका समालोचनात्मक लेखमा पनि असमेली नेपाली कविताका प्रवृत्तिका बारेमा आंशिक रूपमा भए पनि चर्चा गरिएको पाइन्छ । पूर्व अध्ययनसँग सम्बन्धित रहेका सामग्रीको निर्क्योल गर्दा धेरै जसो समालोचकहरूले नेपाली कविताको नै चर्चा गरेको देखिन्छ ।

उपर्युक्त पूर्वकार्य असमको नेपाली साहित्यको इतिहास र असमका कवि र कविता सम्बन्धित रहेका छन् । कुनै कृतिहरू कविता विश्लेषणमा केन्द्रित छन् भने कुनै कृतिहरू कवि परिचय र कविता कृति निरूपणमा केन्द्रित देखिन्छन् । अभि सुवेदी र दैवज्ञ न्यौपाने हरिभक्त कटुवालसँगको व्यक्तिगत अवधारणामा केन्द्रित भएका छन् । दैवज्ञराज न्यौपानेले कटुवाललाई स्वाभिमानी र अस्तित्वका पक्षपाति रहेको देखाएका छन् । त्यस्तै अभि सुवेदीले कटुवाल जति रोमान्टिक छन् त्यति उनका कविता रोमान्टिक नभएर व्यङ्ग्यात्मक भएको देखाएका छन् । यहाँ पूर्वकार्यको अवलोकन गर्दा धेरैजसो समालोचकहरूले असमेली नेपाली कविताको सुरुवात १८९३ मणिपुरको लडाइँको सवाईबाट भएको देखाएका छन् ।

उपर्युक्त विभिन्न पूर्वकार्यहरूबाट असमका नेपाली कवि र तिनका कविता यात्रा तथा तिनका धारा उपधारा, प्रवृत्ति र प्राप्तिहरूका सम्बन्धमा प्राथमिक छानबिन भएको छ र कतिपय आधारभूत स्थापनाहरू पनि प्रस्तुत भएका छन् । यति भएर पनि असमका कवि र तिनका कविताको कालक्रमिक सर्वेक्षण गरी धारा, प्रवृत्ति एवं मूल्य सम्बन्धी वस्तुगत सघन अध्ययन अझै भएको छैन । तसर्थ असममा नेपाली कविताको पृष्ठभूमि, आरम्भ र विकास प्रक्रिया र त्यस माध्यमबाट असम क्षेत्रमा नेपाली कवितामा पुगेको योगदानको चर्चा र सिङ्गो नेपाली कविताको इतिहासमा पुगेको योगदानको पनि आँकलन गर्न मिल्ने स्थिति देखिएको छ ।

कविताको चर्चा गर्ने विद्वान्द्वारा असमेली कविताको निरूपण आंशिक रूपमा मात्र गरिएको पाइन्छ । उपर्युक्त विद्वान्हरूद्वारा समग्र रूपमा वर्तमान असमको कविताको वैज्ञानिक सर्वेक्षण भएको छैन । केही समालोचकहरूद्वारा प्रवृत्तिपरक अध्ययन भए पनि न्यून मात्रामा भएको देखिन्छ । असमेली नेपाली कविताको प्रवृत्तिपरक अध्ययन गर्ने समालोचकहरूले प्रायः परम्परित प्रवृत्तिको मात्र निरूपण गरेका छन् र नव प्रवृत्तिको चर्चा गर्ने समालोचकहरूले सामान्य चर्चा मात्र प्रस्तुत गरेका छन् ।

असममा नेपाली कविताको लेखन प्रारम्भ भएर एक शताब्दी वितिसक्ता पनि असमेली कविताको स्पष्ट विकास क्रम, यसको कवितात्मक विशेषताका आधारमा काल विभाजन र काव्य कृतिको समग्र वैशिष्ट्यको अध्ययन हुन सकेको छैन । फुटकर रूपमा कुनै कवि, काव्य वा कृति विशेषको अध्ययन र कविताको सामान्य विकास सम्बन्धी रेखाङ्कनका फुटकर लेख रचना प्रकाशित भएका देखिन्छन् । यस्ता फुटकर लेख रचनामा असमको समग्र कविताको विकास, यसका मोड उपमोड, कवितात्मक प्रवृत्ति र विशेषता व्यक्त हुन सकेको देखिँदैन । यहाँ जे जति कार्यहरू भएका छन्, तिनको सामान्य विवरण एवं समीक्षा प्रस्तुत गरी पूर्वकार्य प्रस्तुत गरिएको छ । यस पूर्वकार्यात्मक समीक्षाद्वारा असमको कविताको पृष्ठभूमि, विकास, मोड उपमोड र विभिन्न प्रवृत्तिहरूको निर्धारणका निम्ति महत्त्वपूर्ण सहयोग पुग्ने छ । यहाँ प्राप्त पूर्वकार्यात्मक सामग्रीहरूमा पुस्तकाकार कृति, फुटकर रचना, भूमिका स्वरूप लेखिएका कृतिहरू रहेका छन् र कतिपय कविता सिद्धान्तसँग सम्बन्धित छन् साथै कतिपय समग्र साहित्यको रेखाङ्कनमा केन्द्रित भएका छन् । यी मध्ये यहाँ विशेष गरेर कविता सम्बन्धी पुस्तक, लेखरचना, भूमिका आदिलाई मात्र समावेश गरिएको छ । यसमा कविता सम्बन्धी शोधकार्य, असमको इतिहास, भाषा आन्दोलन सम्बन्धी सामग्रीहरूलाई पनि आवश्यकताका आधारमा उपयोग गरिएको छ । यी सम्पूर्ण कार्यहरूले प्रस्तुत शोधकार्य सम्पन्न गर्न महत्त्वपूर्ण योगदान गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

नेपाली काव्येतिहासमा असमको योगदान महत्त्वपूर्ण रहेको छ । भौगोलिक दृष्टिले फराकिलो क्षेत्र ओगटेको असम नेपाली साहित्यका निम्ति पनि महत्त्वपूर्ण मानिन्छ । यस

क्षेत्रमा नेपालीहरूको बसोवास सँगसँगै उनीहरूका जीवन भोगाइका सुख दुःखका अनुभूतिहरू काव्य मार्फत व्यक्त भएका छन् । ती काव्य कृतिहरूमा प्रवासी अनुभूति वा विचार काव्य मार्फत व्यक्त भएका छन् । ती काव्य कृतिहरूमा प्रवासी अनुभूति वा विचार कसरी व्यक्त भएको छ साथै ती काव्य कृतिमा पाइने काव्यकला कस्तो छ, यो विश्लेषणीय छ । असमले मात्रात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली काव्य साहित्यलाई के कस्तो योगदान पुऱ्याएको छ, त्यसको अनुसन्धान आफैमा महत्त्वपूर्ण छ । त्यसैले यस शोधकार्यले नेपाली साहित्यका पाठकहरूलाई असमेली नेपाली काव्यको सर्वेक्षण र त्यसको काव्यिक मूल्य मान्यता प्रस्तुत गर्ने हुँदा यो औचित्यपूर्ण छ ।

## १.६ सीमाङ्कन

यस शोधकार्यका निम्ति स्थानगत र कालगत दुवै किसिमले सीमाङ्कन गरिएको छ । भौगोलिक रूपमा असमको पुरानो अवस्था वृहत् असमका रूपमा फराकिलो देखिए तापनि वर्तमान समयमा असम प्रान्तका रूपमा रहेको क्षेत्रलाई भौगोलिक सीमाङ्कनका रूपमा निर्धारण गरिएको छ । यसरी नै प्रारम्भ काललाई पृष्ठभूमिमा राख्दै वर्तमान असमको नेपाली कविता लेखनको विकास र प्रवृत्तिलाई यहाँ अध्ययनको क्षेत्रगत सीमा निर्धारण गरिएको छ । यस अध्ययनको भौगोलिक सीमालाई मात्र मानिएको छ । यस शोधप्रबन्धमा असमेली नेपाली कविताको सुरुदेखि वर्तमानसम्मको ऐतिहासिक विकास प्रक्रियाका क्रममा चरण विभाजन समेत गरी तत्तत् चरणका प्रतिनिधि कविका कविता प्रवृत्ति प्रस्तुत गरिएको छ र तिनका प्रतिनिधि कविता कृतिलाई विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसरी असमेली साहित्यमा कथा, उपन्यास, निबन्ध, समालोचना, नाटक आदि अनेक विधा, उपविधाको विकास भएको पाइए तापनि यस शोधप्रबन्धमा कविता काव्यलाई मात्र अध्ययनको विषय बनाइएको छ ।

## १.७ शोधविधि

नेपाली कविताको विकासमा असमको योगदान शीर्षकको निम्ति निम्नलिखित सामग्री र तिनको व्यवस्थापन निम्नानुसार गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तावित शोधकार्य सम्पन्न गर्नका निम्ति सामग्री सङ्कलन गर्दा मुख्य रूपले पुस्तकालीय पद्धति अवलम्बन गरिएको छ । पुरानो असमका विभिन्न जिल्ला र क्षेत्रमा रहेको व्यक्तिगत तथा विभिन्न शैक्षिक संस्थागत पुस्तकालय तथा प्रकाशन संस्थाहरूसँग सम्पर्क गरी प्रकाशित कविता कृति, पत्रपत्रिका र सम्बन्धित सैद्धान्तिक तथा प्रायोगिक समालोचना ग्रन्थहरूको अध्ययन गर्ने र तिनबाट सामग्री चयन गर्ने काम गरिएको छ ।

### १.७.२ सैद्धान्तिक पर्याधार तथा शोध ढाँचा

शोधकार्य सम्पन्न गर्नका निम्ति सर्वेक्षणात्मक र जीवनीपरक, प्रभावपरक, कृतिपरक, समालोचनाका सैद्धान्तिक पद्धतिको अनुसरण गरिएको छ । असममा के कति नेपाली कविता कृति लेखिएका छन् र ती कहिलेदेखि लेखिएका हुन् तिनको क्षेत्रीय तथा ऐतिहासिक सर्वेक्षण गरिएको छ र प्राप्त सामग्रीको विश्लेषण गर्न मूलतः कविता तत्त्वलाई उपयोग गरिएको छ । कविता सिद्धान्तले स्थापित गरेका अन्तर्वस्तु, विचार वा भाव र कथावस्तु, पात्र, परिवेश, शैलीशिल्प, अलङ्कार, बिम्ब, प्रतीक आदि तत्त्वका आधारमा असमेली नेपाली कविताको अध्ययन विश्लेषण गर्दै तिनको कवितात्मक मूल्य निरूपण गर्ने कार्य गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा विधातत्वलाई मूल सैद्धान्तिक पर्याधार मानेर वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, संरचनापरक, ऐतिहासिक आदि पद्धतिका विधिलाई अवलम्बन गरिएको छ र आवश्यकता अनुसार सर्वेक्षणात्मक, तुलनात्मक आदि विधिको पनि उपयोग गरिएको छ ।

## १.८ शोध प्रबन्धको रूपरेखा

शोध प्रबन्धलाई मुख्यतः ११ परिच्छेदमा विभाजन गरिएको छ । साथै आवश्यकता र औचित्यका आधारमा तिनलाई विभिन्न खण्ड, उपखण्ड, शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिको छ । प्रस्तुत अध्ययनलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक** : शोध परिचय

**परिच्छेद दुई** : कविताको सैद्धान्तिक स्वरूप तथा विश्लेषणका आधार

**परिच्छेद तीन** : असमको परिचय र नेपालीहरूको पृष्ठभूमि

**परिच्छेद चार** : असममा नेपाली भाषा साहित्यको इतिहास

**परिच्छेद पाँच** : असमेली नेपाली कविताको विकास क्रम

**परिच्छेद छ** : स्वाधीनता पूर्वकालका प्रतिनिधि कवि र तिनका कविता कृति

**परिच्छेद सात** : स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका कविता कृति

**परिच्छेद आठ** : स्वाधीनता उत्तर कालको दोस्रो चरण भाषा आन्दोलन र विदेशी बहिस्कार आन्दोलन कालका प्रतिनिधि कवि र तिनका कृति

**परिच्छेद नौ** : स्वाधीनता उत्तर कालको तेस्रो चरण जातीय जागरणको उत्थान कालका प्रतिनिधि कवि र तिनका कविता कृति

**परिच्छेद दस** : सारांश तथा निष्कर्ष

**सन्दर्भ सामग्री सूची**